# किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९





नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

# किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

परिवार कल्याण महाशाखा

भवानी प्रसाद खापुङ
**Bhawani Prasad Khapung**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री
Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
Ministry of Health and Population

☎: ०१-४-२६२५३४
01-4-262534
फ्याक्स: ०१-४-२६२५६५
Fax: 01-4-262565
Website: www.mohp.gov.np
रामशाहपथ, काठमाडौँ, नेपाल
Ramshahpath, Kathmandu, Nepal

पत्र संख्या(Ref. No.): चलानी नं.(Dispatch No.): मिति(Date):......२०७९।०६।०६.......



## मन्तव्य

प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने नेपालको संविधान २०७२ को व्यवस्था अनुरूप किशोरकिशोरी तथा महिलाहरूमा प्रजनन स्वास्थ्य लगायतका स्वास्थ्य सेवा पुरयाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रतिवद्ध छ। संवैधानिक अधिकार कार्यान्वयनार्थ जनस्वाथ्य सेवा ऐन, २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ जारी भई सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवाहरू प्रदान गर्ने कानूनी आधार तयार भएको छ।

स्वास्थ्यकर्मीहरूसंग आफ्ना स्वास्थ्य समस्याहरू सहजताकासाथ राख्ने उपयुक्त वातावरणको कमीका कारण स्वास्थ्य सेवाको उपभोग सन्तोषजनक नभएकोले किशोरकिशोरीहरूले गुणस्तरीय परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रूगणता लगायतका स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण तयार गरी स्वास्थ्य सेवाको उपभोग वृद्धि गर्न **किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका**, २०७९ जारी गरिएको छ।

यो निर्देशिका तयार गर्न अगुवाई गर्ने स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा र प्राविधिक सहयोग गर्नुहुने विषय विज्ञ तथा वाह्य साझेदार निकायका प्रतिनिधि सवैलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु।

अन्तमा, यो निर्देशिकाको सफल कार्यान्वयनका लागि हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

भवानी प्रसाद खापुङ्ग
मन्त्री
स्वास्थ्य तथा जनसंख्या मन्त्रलाय

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.................................................................शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : ............................



विषय :- मन्तव्य

नेपालको संविधान २०७२ धारा ३८ (२) मा उल्लेखित प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी हक कार्यान्वियन गरी किशोरकिशोरी तथा महिलाको प्रजनन स्वास्थ्यमा सुधार ल्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतमा निकायहरूवाट विभिन्न क्रियाकलापहरू सञ्चालन भईरहेका छन् । जनस्वास्थ्य सेवा ऐन, २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन,२०७५ जारी भए पश्चात् स्वास्थ्य संस्थाहरूबाट महिलाहरूका लागि सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएतापनि किशोरकिशोरीहरूले निर्धक्कसाथ प्रजनन स्वास्थ्य सेवाको उपभोग गर्न सकिरहेको नपाइएकोले स्वास्थ्य संस्थाहरूवाट प्रदान हुने परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रूग्णता लगायतका स्वास्थ्य सेवालाई किशोरीकिशोरी मैत्री बनाउन **किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका,** २०७९ स्वीकृत भई जारी भएको छ ।

निर्देशिकाको सफल कार्यान्वयन भई स्वास्थ्य संस्थाबाट किशोरकिशोरीहरूले सहजताकासाथ गुणस्तरीय स्वास्थ्य सेवा पाउने विश्वास व्यक्त गर्दछु ।

अन्तमा, निर्देशिका लेखनमा संलग्न परिवार कल्याण महाशाखा निर्देशक डा. विवेक कुमार लाल लगायत महाशाखाका कर्मचारीहरू तथा साझेदार निकायका प्रतिनिधि र सल्लाह सुझाव प्रदान गर्नु हुने स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दिपेन्द्र रमण सिंहलाई धन्यवाद दिन चाहन्छु ।

६ आश्विन, २०७९

डा रोशन पोखरेल
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
.................................... महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२६८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्या:-

चलानी नम्बर:-



## शुभकामना

किशोरावस्था जीवनको महत्वपूर्ण अवस्था हो । यस अवस्थामा एकदमै छिटो र अप्रत्यासित रूपले शारीरिक र मानसिक भावनात्मक तथा यौनिक परिवर्तनहरू देखा पर्दछन । मनोसामजिक परामर्श, यौन तथा प्रजनन स्वास्थ्य लगायतका स्वास्थ्य सेवाहरू आवश्यक पर्ने उक्त अवस्थामा किशोरकिशोरीको भावना र चाहना अनुसार सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीको सीप तथा दक्षता, स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार सामग्रीको उपलब्धता, स्वास्थ्य संस्थाको संरचना आदिका कारण स्वास्थ्य सेवा उपभोग सन्तोषजनक रहेको पाइदैन । यसै विषयलाई आत्मसाथ गर्दै बाधा रहित स्वास्थ्य सेवा प्राप्त गर्ने अवस्थाको सिर्जना गरी किशोरकिशोरीहरूको स्वास्थ्य प्रबर्द्धन गर्न राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति, २०७५ तयार भई कार्यान्वयनमा छ ।

किशोरकिशोरीका भावना चाहना अनुरूप प्रतिकारात्मक, उपचारात्मक, प्रबर्द्धनात्मक र पुनस्थापनात्मक स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरूको सीप विकास गर्न र स्वास्थ्यकर्मीहरूसंग आफ्ना स्वास्थ्य समस्याहरू सहजताकासाथ राख्ने उपयुक्त वातवरण तयार गर्न **किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका,** २०७९ सहयोगी हुनेछ भन्ने अपेक्षा गरेको छु ।

अन्तमा, निर्देशिका तयार गर्ने परिवार कल्याण महाशाखा निर्देशक डा. विवेक कुमार लाल लगायत महाशाखाका कर्मचारीहरू तथा साझेदार निकायका प्रतिनिधिहरूलाई धन्यवाद दिन चाहन्छु ।

डा दिपेन्द्र रमण सिंह
महानिर्देशक
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
.................................... महाशाखा

☎ ४२६१७१२
४२६१४३६
फ्याक्स-४२६२२३८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नम्बर :-

मिति:.........................

विषय:-

## दुई शब्द



किशोरावस्था शारीरिक तथा मानसिक तीव्र परिवर्तन भईरहने विशेष अवस्था हो । यस अवस्थामा किशोरकिशोरीलाई परामर्श, प्रजनन स्वास्थ्य लगायतका सेवाहरू आवश्यक पर्दछन तर निर्धक्कसंग आफ्ना समस्याहरू राख्ने उपयुक्त वातावरण नभएका कारण स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवाहरू पूर्णरूपमा उपभोग गरिरहेको अवस्था देखिदैन । नेपाल बहुसूचक सर्वेक्षण, २०१९ अनुसार गर्भ निरोधका साधनको अपरिपूर्त माग किशोरीहरूमा उच्च (३५ प्रतिशत) रहेको र १ हजार किशोरीहरूमध्ये ६३ जनाले १९ वर्ष नपुग्दै कम्तिमा १ बच्चा जन्माउने गरेको पाइएको छ । जीवनको आधारशिलाको यस अवस्थामा गुणस्तरीय परिवार नियोजन, प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, आकस्मिक प्रसूति तथा नवजात शिशु, प्रजनन स्वास्थ्य रूग्णता लगायतका स्वास्थ्य सेवाहरू उपलब्ध गराउनु राज्यको कर्तव्य हो ।

अतः किशोरकिशोरीहरूलाई सहज रूपमा आफ्ना समस्याहरू राख्न र स्वास्थ्य संस्थाबाट प्रदान हुने प्रजनन स्वास्थ्य लगायतका अन्य स्वास्थ्य सेवा लिन उपयुक्त वातावरण तयार गरी सेवाको पहुँच बढाउन **किशोरकिशोरी किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका,** २०७९ तयार गरिएको छ ।

अन्तमा, निर्देशिका तयार गर्न अनवरत खटिनु हुने परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा प्रमुख श्री कविता अर्याल लगायत यस महाशाखाका कर्मचारीहरू, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका निर्देशक लगायत अन्य कर्मचारीहरू, विषय विज्ञ तथा साझेदार संस्थाका प्रतिनिधि र सल्लाह सुझाव प्रदान गर्नु हुने श्रीमान् सचिवज्यू डा. रोशन पोखरेल र श्रीमान् महानिर्देशकज्यू डा. दीपेन्द्र रमण सिंहलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

डा विवेक कुमार लाल
निर्देशक

**प्रस्तावनाः** स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने स्वास्थ्य सेवालाई किशोरकिशोरी मैत्री वनाउन वाञ्छनीय भएकाले, "जनस्वास्थ्य सेवा ऐन, २०७५" को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरून्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "अस्पताल" भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा आधारभूत, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(ख) "आधारभूत स्वास्थ्य सेवा केन्द्र" भन्नाले जनस्वास्थ्य सेवा नियमावली, २०७७ नियम ४ बमोजिमका आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(ग) "किशोरकिशोरी" भन्नाले दश वर्ष देखि उन्नाईस वर्षको उमेर समूहको व्यक्ति सम्झनु पर्दछ।

(घ) "किशोरकिशोरी मैत्री सेवा" भन्नाले स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवाहरू किशोरकिशोरीहरूले सहज र मैत्रीपूर्ण वातावरणमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्दछ ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने प्रदेशस्तरको मन्त्रालय सम्झनु पर्दछ ।

(च) "प्रमाणीकरण" भन्नाले यस निर्देशिकामा तोकिएका विधि र सामग्री प्रयोग गरी स्वास्थ्य संस्थालाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाको रूपमा मान्यता दिने प्रक्रिया सम्झनु पर्दछ ।

(छ) “प्रमाणीकरण गर्ने निकाय" भन्नाले किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण गर्ने अनुसुची २ बमोजिमका निकाय सम्झनु पर्दछ ।

(ज) “मन्त्रालय" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

(झ) “महाशाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा सम्झनु पर्दछ ।

(ञ) “व्यवस्थापन समिति" भन्नाले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र अस्पताल विकास समिति सम्झनु पर्दछ । सो शब्दले निजी स्वास्थ्य संस्था सञ्चालक समिति वा प्रोप्राईटर समेत जनाउँनेछ ।

(ट) “विभाग" भन्नाले स्वास्थ्य सेवा विभाग सम्झनु पर्दछ ।

(ठ) “स्थानीय तह" भन्नाले नेपालको संविधान २०७२ बमोजिम नेपाल सरकाले तोकेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ड) “स्वास्थ्य संस्था" भन्नाले संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित निजी, गैह्रसरकारी, सहकारी वा गैह्र नाफामुलक सामुदायिक स्वास्थ्य संस्था समेत जनाउँछ ।

## परिच्छेद- २

## सेवा सञ्चालन सम्बन्धी प्रक्रिया तथा मापदण्ड

३. **किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन प्रकृया:** (१) प्रत्येक स्वास्थ्य संस्थावाट प्रदान हुने स्वास्थ्य सेवा किशोरकिशोरी मैत्री हुनु पर्दछ।

(२) उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार आदिका आधारमा स्वास्थ्य संस्थाहरूमा क्रमश: किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन तथा विस्तार गरिनेछ।

(३) उपदफा (२) अनुसार किशोरकिशोरी मैत्री सेवा सञ्चालन / विस्तार गरिने स्वास्थ्य संस्थाहरूको छनौट स्वास्थ्य संस्थाको स्तर अनुसार महाशाखा / प्रदेश मन्त्रालय र स्थानीय तहले गर्नेछ।

(४) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन / विस्तार गरिने स्वास्थ्य संस्थाले दफा ४ बमोजिमका मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

(५) उपदफा(३) बमोजिम छनौट भएका स्वास्थ्य संस्थामा सेवा सञ्चालन गर्नु अघि जनप्रतिनिधि, व्यवस्थापन समिति, सेवा प्रदायक र अन्य कर्मचारी, किशोरकिशोरी समूह, शिक्षक,महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरूलाई महाशाखाबाट तयार भएको सहजीकरण सामाग्रीको प्रयोग गरी किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी अभिमुखीकरण / तालिम सञ्चालन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम अभिमुखीकरण भए पश्चात स्वास्थ्य संस्थामा अनुसूची १ बमोजिमको लोगो राख्नु पर्नेछ ।

(७) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तार भएको स्वास्थ्य संस्थामा रहेको नागरिक वडापत्रमा किशोरकिशोरीले पाउने सेवा र लाग्ने शुल्क सहितको जानकारी थप गर्नु पर्नेछ ।

(८) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तार भएको स्वास्थ्य संस्थाबाट दफा ४ उपदफा (२) बमोजिमका सेवाहरू उपलब्ध गराउनु पर्नेछ ।

(९) सेवा विस्तार भएका स्वास्थ्य संस्थाले आफ्नो कार्य क्षेत्रभित्र किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा बारे प्रचार प्रसार गर्नु पर्नेछ ।

## ४. किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्डः

(१) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन तथा प्रमाणीकरणको मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) **किशोरकिशोरीहरूको स्वास्थ्य सम्बन्धी जानकारी (Adolescents' health literacy):** स्वास्थ्य संस्थाको कार्यक्षेत्र भित्र रहेका किशोरकिशोरीहरूलाई स्वास्थ्य, स्वास्थ्य सेवा लिनुपर्ने अवस्था र स्थानको जानकारी स्वास्थ्य संस्थाले गराएको हुनु पर्नेछ ।

(ख) **समुदाय सहयोग (Community support):** किशोरकिशोरीहरूलाई स्वास्थ्य सेवा लिने सहज वातावरणको लागि स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्र भित्र रहेका किशोरकिशोरीका अभिभावक, संरक्षक र अन्य सरोकारवालाहरूलाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको महत्व सम्बन्धी जानकारी गराई आवश्यक सहयोग प्राप्त गरेको हुनु पर्नेछ ।

(ग) **सेवाका लागि उपयुक्त प्याकेज (Appropriate package of services):**
स्वास्थ्य संस्थामा किशारकिशोरीहरूको आवश्यकता अनुसारको स्वास्थ्य शिक्षा, सूचना, सञ्चार तथा निदान, उपचार र परामर्श सेवा दिने व्यवस्था हुनुपर्दछ । यी सेवाहरू आफ्नो संस्थामा उपलब्ध हुननसकेमा अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्ने व्यवस्था हुनु पर्नेछ ।

(घ) **स्वास्थ्यकर्मीको दक्षता (Providers' Competencies):** किशोरकिशोरीहरूको आवश्यकता अनुसार प्रभावकारी रूपमा स्वास्थ्य सेवा दिन सेवा प्रदायकहरू प्राविधिक रूपमा दक्ष हुनुपर्दछ । स्वास्थ्य संस्थाबाट सेवा प्रवाहगर्दा किशोरकिशोरीको स्वास्थ्य अवस्था, निदान वा निजले प्राप्त गरेको उपचार लगायतका सूचनाहरू गोप्य राख्नु पर्नेछ।

(ङ) **उपयुक्त स्वास्थ्य संस्थाको विशेषता (Health Institution's characteristics):**
स्वास्थ्य संस्थामा किशोरकिशोरीहरूका लागि उपयुक्त हुने समयमा खोल्ने, स्वच्छ र सफा वातावरण भएको र प्रभावकारी स्वास्थ्य सेवा दिन आवश्यक औषधी, औजार, उपकरण, अन्य सामाग्री र प्रविधि उपलब्ध हुनु पर्नेछ।

(च) **भेदभाव रहित समतामुलक सेवा (Equity and nondiscrimination):**
स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवा शुल्क तिर्ने क्षमता, उमेर, यौन तथा लैंगिक पहिचान, वैवाहिक अवस्था, शिक्षा, जातीय उत्पत्ति, भुगोल, भाषा, धर्म, अपांगता, स्वास्थ्य अवस्था वा अन्य आधारमा गरिने भेदभाव रहित हुनु पर्नेछ।

(छ) **तथ्याङ्क र गुणस्तर सुधार (Data and quality improvement):**
स्वास्थ्य संस्थामा जातजाति, उमेर, लिङ्ग आदिका आधारमा सेवाको अभिलेख राख्ने व्यवस्था हुनुपर्नेछ। साथै उपलब्ध तथ्याङ्कका आधारमा सेवाको उपयोगको विश्लेषण र गुणस्तर सुधार कार्ययोजना तयार हुनु पर्नेछ ।

(ज) **किशोरकिशोरीको सहभागिता (Adolescents' participation):**
स्वास्थ्य सम्बन्धी नीति निर्माण, योजना, अनुगमन तथा निर्णय प्रकृयामा किशोरकिशोरीहरूको सहभागिता हुनु पर्नेछ ।

(२) उपदफा (१) अनसारको मापदण्डका अलावा किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थावाट देहाय बमोजिमका सेवाहरू अनिवार्य रूपमा उपलब्ध हुनु पर्नेछ ।

(क) यौन तथा प्रजनन् स्वास्थ्य सेवा, परामर्श र प्रेषण सेवा,
(ख) परिवार योजना वा नियोजन सेवा, परामर्श र प्रेषण सेवा (कम्तिमा कण्डम, पिल्स, तीन महिने सुई, आकस्मिक गर्भ निरोधको साधन),
(ग) पोषण सम्बन्धी जानकारी वा परामर्श र प्रेषण सेवा,
(घ) यौनजन्य संक्रमण तथा एच.आई.भी. नियन्त्रण, रोकथाम बारेमा जानकारी वा परामर्श र प्रेषण सेवा,
(ङ) हिंसावाट बच्ने उपायकोबारे जानकारी वा परामर्श र प्रेषण सेवा,
(च) लागू पदार्थ दुर्व्यसनबाट बच्ने उपायको बारे जानकारी वा परामर्श, र प्रेषण सेवा,
(छ) नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रण सम्बन्धी जानकारी र प्रेषण सेवा,
(ज) मानसिक समस्या सम्बन्धी जानकारी वा परामर्श र प्रेषण सेवा।

(३) विशिष्टिकृत सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थाको हकमा उपदफा (२) बमोजिमका सबै सेवा अनिवार्य हुने छैन ।

५. **प्रमाणीकरण प्रकृया:** (१) दफा ३ बमोजिम किशोरकिशोरी मैत्री सेवाका लागि छनौट भई सेवा विस्तार भएका स्वास्थ्य संस्थालाई सेवा सञ्चालन भएको मितिले १२ महिनाभित्र मुल्याङ्कन गरी दफा ४ उपदफा (१) बमोजिम मापदण्ड पुरा भएका र उपदफा (२) बमोजिमका सेवाहरू उपलब्ध भएका स्वास्थ्य संस्थालाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था भनी प्रमाणीकरण गरीदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम किशोरकिशोरी मैत्री संस्थाको प्रमाणीकरण अनुसूची २ बमोजिमको निकायबाट हुनेछ ।

(३) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तार भएका स्वास्थ्य संस्थाले सेवा विस्तार भएको मितिले ३ महिनाभित्र अनुसूची ३ बमोजिमको चेक लिष्ट प्रयोग गरी स्वःमुल्याङ्कन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको स्वःमुल्याङ्कनमा ८०% वा सो भन्दा वढी अंक प्राप्त भएमा स्वःमुल्याङ्कन प्रतिवेदन र अनुसूची ४ अनुसारको प्रतिवद्धता पत्र सहित ३० दिनभित्र प्रमाणीकरण गर्ने निकायलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको स्वःमुल्याङ्ककनमा ८०%भन्दा कम अंक प्राप्त भएमा स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न अनुसूची ५ बमोजिम कार्ययोजना तयार गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्ययोजना अनुसार स्वास्थ्य सेवा सुधार भएमा उपदफा (३) बमोजिम पुनः स्वःमुल्याङ्कन गरी उपदफा (४) बमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ ।

(७) उपदफा (४) र उपदफा (६) बमोजिमको विवरण पेश भए पश्चात संस्थाको अनुगमन र मुल्याङ्कन गर्न प्रमाणीकरण गर्ने निकायले अनुगमन टोली पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम खटिएको अनुगमन टोलीले अनुसूची ३ बमोजिमको चेक लिष्ट प्रयोग गरी संस्थाको मुल्याङ्कन गर्नु पर्नेछ ।

(९) उपदफा (८) अनुसार गरिएको मुल्याङ्कनमा ८०% वा सो भन्दा वढी अंक प्राप्त भएमा किशोरकिशोरी तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिसंग अर्न्तवार्ता समेत लिई प्रमाणीकरणका लागि सिफारिस सहितको प्रतिवेदन प्रमाणीकरण गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

(१०) उपदफा (८) बमोजिम गरिएको मुल्याङ्कनमा ८०% भन्दा कम अंक प्राप्त भएमा गुणस्तर सुधारकालागि अनुसूची ५ बमोजिम कार्ययोजना तयार गरी ६ महिना भित्र कार्यान्वयन गर्न निर्देशन दिइनेछ ।

(११) उपदफा (९) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा प्रमाणीकरण गर्ने निकायले स्वास्थ्य संस्थालाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाका लागि योग्य रहेको भनी प्रमाणीकरण गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम प्रमाणीकरण भएको संस्थालाई अनुसूची ६ बमोजिमको प्रमाण पत्र प्रदान गर्नु पर्नेछ ।

(१३) एक पटक गरिएको प्रमाणीकरण ३ वर्ष सम्मकालागि मान्य हुनेछ ।

(१४) स्वास्थ्य संस्थाले प्रत्येक ६/६ महिनामा संस्थाको स्वःमुल्याङ्कन गरी प्रमाणीकरण गर्ने निकायलाई जानकारी गर्नु पर्नेछ ।

६. **निजी स्वास्थ्य संस्थामा सेवा विस्तार तथा प्रमाणीकरणः** (१) जनस्वास्थ्य सेवा नियमावली, २०७७ नियम १२ उपनियम (२) अनुसूची ९ बमोजिम स्वास्थ्य संस्थालाई इजाजतपत्र दिने निकायले व्यवस्थापन समितिसँग समन्वय गरी निजी स्वास्थ्य संस्थामा किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा विस्तार गरिने संस्थाले प्रचलित कानून बमोजिम सञ्चालन इजाजत पाएको र नविकरण भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सेवा विस्तार भएका स्वास्थ्य संस्थाको सेवा किशोरकिशोरी मैत्री भएको प्रमाणीकरण दफा ५ अनुसारको प्रक्रिया पुरा गरी इजाजत दिने निकायले गरिदिनु पर्नेछ ।

७. **बजेट व्यवस्थापनः** स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई किशोरकिशोरी मैत्री बनाउन आवश्यक पर्ने बजेट संघ, प्रदेश र स्थानीय तहले विनियोजन गर्नु पर्नेछ ।

## परिच्छेद -३

## समिति सम्बन्धी व्यवस्थाः

८. **केन्द्रीय समन्वय समितिः** (१) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी नीति निर्माण तथा समन्वय गर्न देहाय बमोजिम एक समिति रहनेछ ।

| | |
|---|---|
| (क) महानिर्देशक स्वास्थ्य सेवा विभाग | संयोजक |
| (ख) निर्देशक, परिवार कल्याण महाशाखा | सदस्य |
| (ग) निर्देशक, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | सदस्य |
| (घ) निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र | सदस्य |
| (ङ) निर्देशक, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र | सदस्य |
| (च) निर्देशक, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा | सदस्य |
| (छ) निर्देशक, उपचारात्मक सेवा महाशाखा | सदस्य |
| (ज) निर्देशक, व्यवस्थापन महाशाखा | सदस्य |
| (झ) शाखा प्रमुख, परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा, परिवार कल्याण महाशाखा | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञहरूलाई सदस्यको रूपमा थप गर्न सक्नेछ ।

(३) समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछन् ।

(क) स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवा किशोरकिशोरी मैत्री बनाउन नीति निर्माण र आवश्यक बजेट विनियोजन गर्ने ।

(ख) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यान्वयनकालागि विभिन्न सरोकारवाला निकायसंग सम्न्वय गर्ने।

(४) समितिको वैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

९. **प्राविधिक समिति गठनः** (१) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको योजना तर्जुमा, सेवा विस्तार, प्रमाणीकरण र अनुगमन मुल्याङ्कनमा सहजीकरण गर्न परिवार कल्याण महाशाखाका निर्देशकको अध्यक्षतामा सरकारी निकाय र किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्था समेतको प्रतिनिधित्व हुने गरी एक प्राविधिक समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको वैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **प्रदेश स्तरीय समन्वय समितिः** (१) प्रदेश स्तरमा किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, सञ्चालन, प्रमाणीकरण तथा सेवाको अनुगमन एवम् मुल्याङ्कन गर्न देहाय बमोजिम एक समिति रहनेछ ।

| | |
|---|---|
| (क) निर्देशक, स्वास्थ्य/स्वास्थ्य सेवा निर्देशनालय | संयोजक |
| (ख) प्रतिनिधि प्रदेश मन्त्रालय (स्वास्थ्य क्षेत्र हेर्ने शाखा) | सदस्य |
| (ग) प्रमुख, स्वास्थ्य कार्यालय (निर्देशनालय रहेको जिल्ला) | सदस्य |
| (घ) किशोरकिशोरी स्वास्थ्य क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाबाट समितिले मनोनित गरेको प्रतिनिधि १ जना | सदस्य |
| (ङ) किशोरकिशोरीहरू मध्येवाट १ जना किशोरी अनिवार्य हुने गरी समितिले मनोनित गरेको प्रतिनिधि २ जना | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य/स्वास्थ्य सेवा निर्देशनालय | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञहरूलाई सदस्यको रूपमा थप गर्न सक्नेछ ।

(३) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवा किशोरकिशोरी मैत्री बनाउन नीति निर्माण, योजना तर्जुमा र आवश्यक बजेट विनियोजन गर्ने ।

(ख) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तार गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(ग) स्वास्थ्य संस्थाबाट प्रदान भएको स्वास्थ्य सेवा किशोरकिशोरी मैत्री मापदण्ड अनुसार भए, नभएको अनुगमन गर्ने ।

(घ) निर्देशिकामा तोकिएको प्रकृया पुरा गरी किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण गर्ने ।

(४) समितको वैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **स्थानीय तह समन्वय समितिः** (१) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी नीति निर्माण योजना तर्जुमा, सेवा विस्तार तथा प्रमाणीकरण र अनुगमन मुल्याङ्कन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, महानगर/उपमहानगर/नगर/गाउँपालिका | संयोजक |
| (ख) | उपप्रमुख, महानगर/उपमहानगर/नगर/गाउँपालिका | सह संयोजक |
| (ग) | वडा अध्यक्षहरू मध्येबाट एक जना (भएसम्म महिला) | सदस्य |
| (घ) | स्थानीय तहका कार्यक्षेत्र भित्रका विद्यालयका प्रधानाध्याक मध्ये समितिले मनोनित गरेको प्रधानाध्यापक १ जना | सदस्य |
| (ङ) | स्थानीय तह भित्र बसोवास गर्ने किशोरकिशोरीहरूमध्ये १ जना किशोरी अनिवार्य हुने गरी समितिले मनोनित गरेको २ जना | सदस्य |
| (च) | किशोरीकिशोरी प्रजनन् स्वास्थ्य क्षेत्रमा काम गर्ने गैह्रसरकारी संस्था मध्ये समितिले मनोनित गरेको प्रतिनिधि १ जना | सदस्य |
| (छ) | शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा प्रमुख | सदस्य |

(ज) सामाजिक तथा स्वास्थ्य महाशाखा/शाखा प्रमुख सदस्य

(झ) स्वास्थ्य कार्यालयको प्रतिनिधि सदस्य

(ञ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

(२) समितको वैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) मातहतका स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवा किशोरकिशोरी मैत्री बनाउन नीति निर्माण, योजना तर्जुमा र आवश्यक बजेट विनियोजन गर्ने ।

(ख) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको वैठकमा किशोरकिशोरीको उपस्थिति सुनिश्चित गराउने ।

(ग) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्थाबाट प्रदान भएको स्वास्थ्य सेवा किशोरकिशोरी मैत्री मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने गराउने।

(ङ) निर्देशिकामा तोकिएको प्रकृया पुरा गरी किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण गर्ने ।

## परिच्छेद -४

## विविध

१२. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन भएका संस्थाले प्रदान गरेको स्वास्थ्य सेवाको अवस्था, सेवाको गुणस्तर, औषधी, औजार उपकरण, जनशक्ति व्यवस्थापन लगायतका विषयमा महाशाखा र प्रमाणीकरण गर्ने निकायले समय समयमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार अनुगमन गर्दा अनुसूची ७ अनुसार चेक लिष्ट प्रयोग गर्नु पर्नेछ ।

१३. **प्रोत्साहन गरिने:** किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा विस्तारभएका संस्थाहरूको अनुगमन / मूल्यांकनबाट उत्कृष्ट रहेका स्वास्थ्य संस्थालाई महाशाखा / प्रदेश मन्त्रालय / स्थानीय तहले प्रोत्साहन गर्नेछ ।

१४. **अभिलेख प्रतिवेदन:** स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको अभिलेख नेपाल सरकारले तोके बमोजिमका फाराममा राखी मासिक रूपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

१५. **निर्देशिकाको व्याख्या अधिकार:** यस निर्देशिकाको प्रयोग सम्बन्धमा कुनै दुविधा उत्पन्न भई व्याख्या गर्नु पर्ने भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

१६. **निर्देशिका संशोधन:** मन्त्रालयले निर्देशिका संशोधन गर्न सक्नेछ ।

१७. **खारेजी र बचाउ:** (१) किशोरकिशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामग्री, २०७२ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लेखित प्रमाणीकरण सामग्री बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

## अनुसूची १

(दफा ३ को उपदफा (६) संग सम्बन्धित)

# किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थामा राखिने लोगो

---

**COLOR VALUE**

**C: 0 M: 100 Y: 100 K: 0**
**R: 237 G: 28 B: 36**

**C: 100 M: 93 Y: 25 K: 12**
**R: 39 G: 52 B: 113**

## अनुसूची २

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

### किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणीकरण गर्ने निकाय

| सि.न. | स्वास्थ्य संस्था | प्रमाणीकरण गर्ने निकाय |
|---|---|---|
| १ | क) **सरकारी स्वास्थ्य संस्थाः** आधारभूत स्वास्थ्य केन्द्र (शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र) र आधारभूत अस्पताल,<br>ख) **निजी स्वास्थ्य संस्थाः** १५ शय्यासम्मको अस्पताल, स्वास्थ्य क्लिनिक तथा जनस्वास्थ्य सेवा नियमावली, २०७७ नियम १२ उपनियम (२) अनुसूची ९ बमोजिम स्थानीय तहले तोकेको निकायको इजाजत तथा नविकरणको अधिकार क्षेत्र भित्र रहेका अन्य स्वास्थ्य संस्था | स्थानीय तह |
| २ | क) **सरकारी अस्पतालः** ५० शय्यासम्मका अस्पताल, प्रादेशिक अस्पतालहरू विशेषज्ञ अस्पताल तथा जनस्वास्थ्य सेवा नियमावली, २०७७ नियम<br>ख) **निजी स्वास्थ्य संस्थाः** २५ देखि २०० शय्या सम्मका जनरल तथा सरकारले तोकेका निकायको इजाजत तथा नविकरणको अधिकार क्षेत्र १२ उपनियम (२) अनुसूची ९ बमोजिम प्रदेश सरकार वा प्रदेश भित्र रहेका अन्य स्वास्थ्य संस्था | प्रदेश सरकार वा प्रदेश सरकारले तोकेका निकाय |
| ३ | क) **सरकारी अस्पतालः** विशेषज्ञ अस्पताल, संघीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतका अस्पतालहरू<br>ख) **निजी स्वास्थ्य संस्थाः** मेडिकल कलेजले सञ्चालन गरेका २०० शय्या माथीको जनरल अस्पताल एवम् विशेषज्ञ अस्पताल तथा जनस्वास्थ्य सेवा नियमावली, २०७७ नियम १२ उपनियम (२) अनुसूची ९ बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकेका निकायको इजाजत तथा नविकरणको अधिकार क्षेत्र रहेका अन्य स्वास्थ्य संस्थाहरू | महाशाखा / मन्त्रालय |

# अनुसूची ३

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## स्वास्थ्य संस्था स्वःमूल्याङ्कन/अनुगमन मूल्याङ्कन चेक लिष्ट

संस्थाको नामः संस्थाको प्रकारः १.सरकारी २.निजी

ठेगानाः

प्रथम पटक स्वःमुल्याङ्कन मिति ..... दोस्रो पटक स्वःमुल्याङ्कन मिति ....

प्रथम पटक अनुगमन मुल्याङ्कन मिति ..... दोस्रो पटक अनुगमन मुल्याङ्कन मिति ...

| मूल्याङ्कनको आधारहरू र | मूल्याङ्कन सूचक | स्व.मूल्याङ्कन (पटक) | | अनुगमन मूल्याङ्कन(पटक) | |
|---|---|---|---|---|---|
| अंकभार | | प्रथम | दोस्रो | प्रथम | दोस्रो |
| १. भौतिक पुर्वाधार संरचना (अंक भार ४) | १.१* किशोरकिशोरीलाई सेवा प्रदानगर्दा अरुले देख्न, सुन्न नसक्ने गरी गोपनियताको कायम राख्ने व्यवस्था । | | | | |
| | १.२* संस्थामा सफा पिउने पानी, सफा चर्पी, स्वच्छ वातावरण र विद्युत आपूर्तिको व्यवस्था । | | | | |
| | १.३* संस्थामा नियमित विद्युत आपूर्ति रहेको । | | | | |
| | १.४* सेवाग्राहीले पालो पर्खदा बस्नको लागि उपयुक्त व्यवस्था भएको । | | | | |
| | प्राप्तांकः- | | | | |
| २. औजार / उपकरण र सामाग्री (अंक भार ४) | २.१* तौल तथा उचाइ मापन गर्ने उपकरण उपलब्ध । | | | | |
| | २.२* कण्डम राख्ने बाकस सबैको पहूँच हुने गरी राखिएको । | | | | |
| | २.३* स्टेथेस्कोप तथा वी पी सेट (कम्तिमा १ सेट) उपलब्ध। | | | | |
| | २.४ स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नेपाल सरकारले तोके बमोजिम औषधीको उपलब्धता। | | | | |
| | प्राप्तांकः- | | | | |
| ३. व्यवस्थापन (अंक भार ११) | ३.१* सेवा प्रदायक स्वास्थ्यकर्मीहरूको नियमित उपस्थिति रहेको । | | | | |
| | ३.२ उपलब्ध स्वास्थ्य सेवा निःशुल्क वा सहुलियत दरमा किशोरकिशोरीलाई प्रदान गर्ने गरेको । | | | | |
| | ३.३* किशोरकिशोरीहरूले छिटो छरितो रुपमा सेवा पाउने व्यवस्था । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.४* नागरिक वडापत्रमा किशोरकिशोरी मैत्री सेवा र सेवा प्राप्त गर्ने लाग्ने समय र शुल्क बारे स्पष्ट उल्लेख । | | | | |
| | ३.५ किशोरकिशोरीलाई चाहिएको सेवा स्वास्थ्य संस्थामा उपलब्ध नभएमा प्रेषण गरिने स्वास्थ्य संस्थाको विवरण उपलब्ध । | | | | |
| | ३.६* संस्थामा गुनासो पेटिका रहेको । | | | | |
| | ३.७* प्राप्त गुनासाहरूलाई नियमित रुपमा सम्बोधन गर्ने गरेको। | | | | |
| | ३.८* स्वास्थ्य संस्थामा हुने वैठकहरूमा किशोरकिशोरीहरूको सहभागिता (कम्तिमा ५०% वैठकमा) हुने गरेको (माइन्यूट हेर्ने) । | | | | |
| | ३.९* स्वास्थ्य संस्थामा हुने वैठकहरूमा किशोरकिशोरीहरूको सवाल सम्बोधन हुने गरेको छ ।(माइन्यूट हेर्ने) | | | | |
| | ३.१० किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाका लागि स्थानीय तह वा स्वास्थ्य संस्थाले बजेट विनियोजन गर्ने गरेको छ । | | | | |
| | ३.११* किशोरकिशारी मैत्री सेवा अङ्कित लोगो देखिने गरी राखिएको । | | | | |
| | प्राप्तांक:- | | | | |
| ४. स्वास्थ्य शिक्षा, सूचना, तथा सञ्चार सामाग्री र प्रोटोकल हरूको उपलब्धता (अंक भार ४) | ४.१* किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी फ्लिप चार्टको उपलब्धता। | | | | |
| | ४.२* स्वास्थ्य संस्थामा उपचार सम्बन्धी प्रोटोकलहरूको (RH Protocol, BHSTP, Medical Standard) उपलब्धता । | | | | |
| | ४.३* किशोरकिशोरी स्वास्थ्य र अधिकार सम्बन्धी ८ (कम्तिमा) वटा पुस्तिकाहरूको सेट किशोरकिशोरीको पहुँचमा । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४.४* किशोरकिशोरीले सहज तरिकाले पढ्न वा लैजान पाउने गरी किशोरकिशोरी र यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी स्वास्थ्य शिक्षा सामग्रीहरूको उपलब्धता । | | | | |
| | प्राप्तांक:- | | | | |
| ५. सेवाको उपलब्धता (अंक भार ८) | ५.१* गर्भ निरोधका साधनहरू (कम्तिमा कण्डम, पिल्स, गर्भ निरोधक सुई, आकस्मिक गर्भनिरोधक पिल्स) को उपलब्धता। | | | | |
| | ५.२ गर्भ जाँच, परामर्श वा प्रेषण सेवा दिने गरेको । | | | | |
| | ५.३* यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी परामर्श सेवा दिने गरेको। | | | | |
| | ५.४* पोषण सम्बन्धी सेवा, परामर्श तथा प्रेषण सेवा दिने गरेको | | | | |
| | ५.५* यौनजन्य संक्रमण तथा एच.आई.भी. नियन्त्रण, रोकथाम सम्बन्धी परामर्श र प्रेषण सेवा दिने गरेको । | | | | |
| | ५.६ नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रण सम्बन्धी जानकारी वा परामर्श र प्रेषण सेवा दिने गरेको । | | | | |
| | ५.७ हिंसावाट सुरक्षित रहने उपाय, लागु पदार्थ दुर्व्यसनबाट बच्ने उपायबारे जानकारी वा परामर्श दिने तथा प्रेषण सेवा दिने गरेको । | | | | |
| | ५.८* help line/hot line सेवा बारेमा जानकारी दिने गरेको | | | | |
| | प्राप्तांक: | | | | |
| ६. स्वास्थ्यकर्मीहरूको क्षमता र दक्षता (अंक भार ६) | ६.१* स्वास्थ्यकर्मीहरू र अन्य कर्मचारीहरूले किशोरकिशोरी मैत्री सेवा सम्बन्धी तालिम वा अभिमुखीकरण प्राप्त गरेको (कम्तिमा २ जना तर विशेषज्ञ सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको हकमा कम्तिमा १ जना) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६.२* स्वास्थ्य सेवा प्रदानगर्दा किशोरावस्था सम्बन्धी Job aids, निर्देशिका, प्रोटोकल, मापदण्ड प्रयोग गर्ने गरेको | | | | |
| | ६.३* स्वास्थ्य सम्बन्धी परामर्श सेवा उपलब्ध गराउँदा स्वास्थ्य शिक्षा सूचना सामग्रीको प्रयोग गर्ने गरेको | | | | |
| | ६.४* किशोरकिशोरीलाई चाहिएको सेवा स्वास्थ्य संस्थामा उपलव्ध हुन नसक्ने अवस्थामा सुविधायुक्त संस्थामा प्रेषण गर्ने गरेको | | | | |
| | ६.५* कुनै पनि प्रकारका भेदभाव (लैङ्गिक, वैवाहिक, अपाङ्गता) र पूर्वाग्रह बिना किशोरकिशोरीहरूका चासोको सम्वोधन हुने गरेको | | | | |
| | ६.६* किशोरकिशोरीहरूलाई आदर भाव स्वास्थ्य उपचार सेवा र परामर्श सेवा दिने गरेको | | | | |
| | प्राप्तांक: | | | | |
| ७. समुदायको सहयोग (अंक भार ४) | ७.१* विगत ६ महिनाभित्र स्वास्थ्य संस्थावाट किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाका बारेमा समुदायमा अन्तरकृया कार्यक्रम गरेको | | | | |
| | ७.२* विगत ६ महिना भित्र स्वास्थ्य संस्थावाट किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाका बारेमा विद्यालयमा अन्तरकृया वा सत्र संचालन गरेको | | | | |
| | ७.३ स्वास्थ्य संस्थावाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा सामुदायिक परिचारिकालाई किशोरकिशारी मैत्री सेवा बारे प्रचार प्रसार गर्न परिचालन गर्ने गरेको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७.४ व्यवस्थापन समितिलाई किशोरकिशारी मैत्री सेवा सम्बन्धी अभिमुखीकरण भएको | | | | |
| | प्राप्तांकः | | | | |
| ८. तथ्याङ्क एवम गुणस्तर सुधार (अंक भार ४) | ८.१* किशोरकिशोरीलाई प्रदान गरेको सेवाको विवरण सम्बन्धित सेवा रजिष्टरमा अभिलेख गरी स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा प्रबिष्टि गर्ने गरेको | | | | |
| | ८.२* किशोरकिशोरीलाई मैत्री स्वास्थ्य सेवा सम्बन्धी समिक्षा छलफल हुने गरेको | | | | |
| | ८.३* गुणस्तर सुधार टोली व्यवस्थापन समितिबाट समय समयमा स्वास्थ्य संस्थाको अनुगमन हुने गरेको | | | | |
| | ८.४* स्वास्थ्य संस्थाले स्वःमूल्याङ्कन गरी गुणस्तर सुधार कार्ययोजना तयार गर्ने गरेको | | | | |
| | प्राप्तांकः | | | | |
| मुल्याङ्कन | कुल प्राप्तांक | | | | |
| | मुल्याङ्कन सूचकहरूको कुल अंक (४५) | | | | |
| | **प्राप्तांक प्रतिशतः** (कुल प्राप्तांक ÷ मुल्याङ्कन सूचकको कुल अंक १००) | | | | |

## चेक लिष्ट भर्ने तरिका

१. चेक लिष्टमा स्वःमुल्याङ्कनका लागि २ वटा महल र प्रमाणीकरणका लागि गरिने अनुगमन मुल्याङ्कनका लागि २ महल रहेका छन् । प्रथम पटक गरिएको स्वःमुल्याङ्कनको नतिजा प्रथम पटक महलमा र दोस्रो पटकको स्वःमुल्याङ्कनको नतिजा दोस्रो पटक महलमा लेख्न पर्दछ । यसै गरी प्रथम पटक गरिएको अनुगमन मुल्याङ्कनको नतिजा प्रथम पटक महलमा र दोस्रो पटकको अनुगमन मुल्याङ्कनको नतिजा दोस्रो पटक महलमा लेख्नु पर्दछ ।

२. चेक लिष्ट भर्दा प्रत्येक सूचक संगैको कोठामा छ, छैन वा लागु नहुने भनी उल्लेख गर्नु पर्दछ। महलमा उल्लेखित "छ" वरावर १ अंक र "छैन" वरावर ० अंक प्रदान गरी सो को जोड प्राप्तांक भन्ने महलमा लेख्नुपर्दछ । साथै विशेष किसिमको सेवा मात्र दिने संस्थाको हकमा लागु नहुने उल्लेख भएको लाई समेत १ अंक दिई गणना गर्नु पर्दछ ।

३.* संकेत गरिएको सूचक अनिवार्य हुन यी सूचकमा अंक प्राप्त नभएमा अन्य सूचकमा अङ्क प्राप्त भएतापनि सो खण्डको कुल अंक ० शुन्य हुनेछ ।

४. किशोरकिशोरी तथा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति/ सञ्चालकसंग लिइएको अन्तरवार्तालाई समेत मुल्याङ्कनका आधारहरूमा अंक दिंदा सन्दर्भको रुपमा प्रयोग गर्नु पर्दछ ।

(क) किशोरकिशोरीसँगको अन्तरवार्ता

| क्र.सं. | प्रश्न | उतर (छ वा छैन) |
|---|---|---|
| १. | स्वास्थ्य संस्थामा पढ्न र चाहेजति लैजान पाउने गरी शिक्षा, सूचना, तथा सञ्चार सामग्री उपलब्ध छ ? | |
| २. | स्वास्थ्य संस्थामा बिनाकुनै भेदभाव र झन्झट आफूले चाहेको सेवा पाउने व्यवस्था रहेको छ ? | |
| ३. | स्वास्थ्य संस्थाबाट उपलब्ध हुने स्वास्थ्य सेवा निःशुल्क वा न्यून शुल्क (तिर्न सकिने) को छ ? | |
| ४. | स्वास्थ्य संस्थामा किशोरकिशोरीले बिना कुनै झन्झट र चाहेको समयमा स्वास्थ्यकर्मीसँग भेट गर्न सकिने अवस्था छ ? | |
| ५. | स्वास्थ्य सेवा वा परामर्श दिंदा गोपनियता कायम गर्ने गरेको छ ? | |
| ६. | स्वास्थ्य संस्थामा उपलब्ध नभएको सेवाका लागि उपयुक्त ठाउँमा प्रेषण गर्ने गरेको छ ? | |
| ७. | स्वास्थ्य संस्थामा किशोरकिशोरी मैत्री सेवाका बारेमा समुदाय वा विद्यालयलाई जानकारी गराएको छ ? | |
| ८. | व्यवस्थापन समिति वैठक वा स्वास्थ्य सम्बन्धी छलफल कार्यक्रममा तपाईं वा अन्य किशोरकिशोरीलाई सहभागिता गराइएको छ ? | |

(ख) व्यवस्थापन समिति पदाधिकारीसँगको अन्तरवार्ता

| क्र.सं. | प्रश्न | उतर (छ वा छैन) |
|---|---|---|
| १. | स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार सामग्रीहरूको उपलब्धता छ ? | |
| २. | स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरू नियमित उपस्थित हुने गरेको छ ? | |
| ३. | गुणस्तरीय सेवा प्रदानगर्न आवश्यक साधन तथा उपकरणहरूको उपलब्धता छ ? | |

| | | |
|---|---|---|
| ४. | शुल्क तिर्न नसक्ने किशोरकिशोरी सेवाग्राहीलाई निःशुल्क स्वास्थ्य सेवा दिने व्यवस्था गरेको छ ? | |
| ५. | किशोरकिशोरीमैत्री सेवाका लागि स्थानीय तह, वडा वा स्वास्थ्य संस्थाले रकम विनियोजन गरेको छ ? | |
| ६. | किशोरकिशोरीलाई बिना कुनै भेदभाव स्वास्थ्य सेवा दिने गरेको छ ? | |
| ७. | स्वास्थ्य संस्थाले किशोरकिशोरी समूहसँग ६ ६ महिनामा किशोरकिशोरीमैत्री सेवा बारेमा अन्तरक्रिया छलफल गर्ने गरेमो छ ? | |
| ८. | व्यवस्थापन समिति वैठक तथा छलफल कार्यक्रममा किशोरकिशोरीको सहभागिता गराउने गरेको छ ? | |

**द्रष्टव्यः** स्वास्थ्य सेवा लिन आएका कम्तिमा २ जना किशोरकिशोरीहरू र व्यवस्थापन समितिको १ जना पदाधिकारीसँग अन्तरवार्ता लिनु पर्नेछ । यदि स्वास्थ्य संस्थामा किशोरकिशोरीहरू नभेटिएमा समुदायमा गएर अन्तरवार्ता लिनु पर्नेछ । प्रमाणीकरणका लागि मुल्याङ्कन गर्दा अन्तरवार्ताबाट प्राप्त उत्तरहरूलाई सन्दर्भको रुपमा प्रयोग गर्नु पर्नेछ ।

## अनुसूची ४

(दफा ५ उपदफा (४) सँग सम्बन्धित)

### प्रतिबद्धता पत्र

श्री ...................................

.........................................

उपरोक्त सम्बन्धमा तहाँ महाशाखा / निर्देशनालय / स्वास्थ्य कार्यालय / महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका / गाउँपालिकाबाट किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न यस संस्थालाई छनौट गरिएकोमा धन्यवाद दिन चाहन्छौं । किशोरकिशोरीहरूलाई विशेष किसिमले सेवा दिनुपर्ने कुरामा हामी सचेत छौं । आगामी दिनमा यस संस्थाबाट प्रदान हुने सेवाहरू किशोरकिशोरीमैत्री हुने गरी सञ्चालन गर्न हामी सम्पूर्ण कर्मचारीहरू प्रतिवद्ध रहेको व्यहोरा जानकारी गराउदछौं ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

# अनुसूची ५

(दफा ५ उपदफा (५) र उपदफा (८) सँग सम्बन्धित)

## गुणस्तर सुधार कार्ययोजना फाराम

स्वास्थ्य संस्थाको नामः वडा नं

| पुरा हुन नसकेका प्रमाणीकरणका सूचकहरू | समस्याका मूख्य मुख्य कारणहरू | समस्या समाधानका लागि गरिने क्रियाकलापहरू | अवधि | जिम्मेवार व्यक्तिहरू |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

तयार गर्ने

नाम

पद

प्रमाणित गर्ने

नाम

पद

मितिः

# अनुसूची ६

(दफा ५ उपदफा (११) सँग सम्बन्धित)

## किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रमाणीकरण प्रमाण-पत्र

नेपाल सरकार / प्रदेश सरकार /

महानगरपालिका /उपमहानगरपालिका /नगरपालिका /गाउँपालिका

## प्रमाण - पत्र

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९ दफा ५ अनुरूप गरिएको मुल्याङ्कनमा श्री ................................................... को सेवा किशोरकिशोरी मैत्री रहेको पाइएकोले यो **प्रमाण–पत्र** प्रदान गरिएको छ ।

.............................

मितिः

# अनुसूची ७

(दफा १२ उपदफा (२) सँग सम्बन्धित)

## किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा अनुगमन, सुपरिबेक्षण चेकलिष्टः

अनुगमन/सुपरिबेक्षण गरिएको स्वास्थ्य संस्थाः ..........................

अनुगमन/सुपरिबेक्षकको नामः ................................ मिति ..........................

१ सेवाको तथ्याङ्क सम्बन्धी विवरण

| सि.नं | विवरण | गतभन्दा अघिल्लो आ.व | गत आ.व | चालु आ.व |
|---|---|---|---|---|
| १. | गर्भ निरोधका साधन (पिल्स, डिपो/ सायना प्रेस, ईम्प्लान्ट, आई.यु.सि.डी, आकस्मिक गर्ध निरोधक चक्की) प्रयोग गर्ने किशोरकिशोरीको संख्या | | | |
| २. | यौन तथा प्रजनन् स्वास्थ्य परामर्श सेवा लिएका किशोरकिशोरीको संख्या | | | |
| ३. | अन्य स्वास्थ्य सेवा लिएका किशोरकिशोरीहरूको संख्या (नयाँ/पुराना) | | | |
| ४. | रेफर गरिएका किशोरकिशोरीहरूको संख्या | | | |

२. सेवा उपलब्धता एवम् व्यवस्थापन

| से.नं. | सूचकहरू | छ | छैन |
|---|---|---|---|
| १. | किशोरकिशोरीको लागि उपलब्ध सेवा, सेवा प्राप्त गर्न लाग्ने रकम र समय सहितको जानकारी नागरिक वडापत्रमा उल्लेख गरिएको । | | |
| २. | किशोरकिशोरी मैत्री सेवा उपलब्ध भएको जानकारी दिने लोगो सबैले देख्ने गरी राखिएको। | | |
| ३. | किशोरकिशोरीले लिएको सेवाको अभिलेख सम्बन्धित रजिष्टरमा राखी स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिएको । | | |
| ४. | किशोरकिशोरीलाई स्वास्थ्य सेवा तथा परामर्श, सेवा दिंदा अरूले सुन्न र देख्न नसक्ने गरी गोपनियताको व्यवस्था गरिएको । | | |

| | | | |
|---|---|---|---|
| ५. | पालो पर्खने ठाउँमा किशोरकिशोरी यौन प्रजनन स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सामाग्रीहरू प्रदर्शन गरिएको । | | |
| ६. | यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा सूचना सञ्चार सामाग्री किशोरकिशोरीले लैजाने पाउने व्यवस्था । | | |
| ७. | स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीले किशोरकिशोरी मैत्री सेवा सम्बन्धी तालिम / अभिमुखीकरण प्राप्त गरेको । | | |

**प्राविधिक लेखन समूह**

डा विवेक कुमार लाल, निर्देशक, परिवार कल्याण महाशाखा

श्री कविता अर्याल, वरिष्ठ कम्यूनिटी नर्सिङ प्रशासक, परिवार कल्याण महाशाखा

श्री पुष्पराज जोशी, तथ्याङ्क अधिकृत, परिवार कल्याण महाशाखा

श्री नभराज भट्टराई, परामर्शदाता, परिवार कल्याण महाशाखा

डा. राजेन्द्र भद्रा, परिवार नियोजन तथा प्रजनन स्वास्थ्य विज्ञ

श्री कमल तारा बज्राचार्य, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य विज्ञ
पीएसआइ नेपाल

**सल्लाह सुझाव योगदानकर्ता**

डा रोशन पोखरेल, श्रीमान सचिव ज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

डा दिपेन्द्र रमण सिंह, महानिर्देशक, स्वास्थ्य सेवा विभाग

श्री सुनिलराज शर्मा, निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र

डा यदुचन्द्र घिमिरे, निर्देशक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

डा पुण्या पौडेल, वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ, परिवार कल्याण महाशाखा

श्री कुञ्ज जोशी, वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र

श्री शीला श्रेष्ठ, वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना
तथा संचार केन्द्र

डा इश्वर उपाध्याय, वरिष्ठ एकिकृत चिकित्सा अधिकृत, राष्ट्रिय स्वास्थ्य
तालिम केन्द्र

श्री शम्भु निरौला, कानुन अधिकृत, स्वास्थ्य सेवा विभाग

श्री अमृता पहाडी, वरिष्ठ कम्यूनिटी नर्सिङ अधिकृत, परिवार कल्याण महाशाखा

श्री निशा जोशी, वरिष्ठ जनस्वास्थ्य अधिकृत, परिवार कल्याण महाशाखा

श्री लक्ष्मी पाण्डे, वरिष्ठ कम्यूनिटी नर्सिङ अधिकृत, परिवार कल्याण महाशाखा

श्री ओम खनाल, जनस्वास्थ्य अधिकृत, परिवार कल्याण महाशाखा

श्री तुलसा देवी अधिकारी, नर्सिङ निरिक्षक, परिवार कल्याण महाशाखा

श्री विष्णु बाँस्कोटा जनस्वास्थ्य निरिक्षक, परिवार कल्याण महाशाखा

श्री विनोद जोशी, अनुगनम मूल्यांकन अधिकृत, परिवार कल्याण महाशाखा

विश्व स्वास्थ्य संगठन,

यूनिसेफ,

यूएनएफपीए,

पीएसआइ नेपाल,

एफएचआई,

सेभ द चिल्ड्रेन,

प्लान इन्टरनेशनल नेपाल,

नेपाल परिवार नियोजन संघ,

आड्रा नेपाल,

नेपाल सीआरएस कम्पनी,

मेरी स्टोप्स इन्टरनेशनल,

सीसो नेपाल,

भिजिबल इम्प्याक्ट,

**शुद्धाशुद्धि**

श्री भवनाथ खतिवडा, उप सचिव, स्वास्थ्य सेवा विभाग

**प्राविधिक तथा आर्थिक सहयोग**

Population Services International/Nepal